टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं. ०९१-५६०४९९, ०९१-५६१२५४, ०९१-५६०११८

## टीकापुर नगरपालिकाको स्वामित्वमा रहेको सपिङ्ग कम्प्लेक्स भवन तथा बहालमा लगाइएका कोठा (सटर) को बहाल व्यवस्थापन सम्बन्धी अत्यन्त जरुरी सूचना ।

(प्रकाशित मिति २०८३।०४।०५ गते)

यस टीकापुर नगरपालिकाको स्वामित्वमा रहेको सपिङ्ग कम्प्लेक्स भवन तथा बहालमा लगाइएका कोठा (सटर) को बहाल व्यवस्थापन गरि राजस्व असुलीमा प्रभावकारिता ल्याउन मिति २०८३।०३।१७ गते सम्पन्न उन्नाइसौं नगर सभाबाट स्वीकृत टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ३० को उपदफा (१) मा तपसिल बमोजिमको व्यवस्था रहेको हुँदा उक्त सुविधा प्राप्त गर्नका लागि इच्छुक व्यक्ति/ फर्महरुले मिति २०८३।०४।३१ गतेभित्र यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.सं. | सम्बन्धित खण्ड | सुविधा |
|---|---|---|
| १ | खण्ड (क) | २०८३ असार मसान्तसम्मको बहाल रकम २०८३ असोज मसान्त भित्र एकमुष्ट रुपमा बुझाएमा जरिवाना रकममा पुरै छुट हुने । |
| २ | खण्ड (ग) | कोठा (सटर) कबोल गरि नियमित रुपमा बहाल रकम बुझाइ रहेका व्यक्ति/ फर्मको हकमा २०८३ असार मसान्तसम्मको बहाल रकम २०८३ श्रावण मसान्त भित्र बुझाएमा साविकको मासिक बहाल रकममा १० प्रतिशत थप गरि बहाल सम्झौता हुने । |
| ३ | खण्ड (घ) | २०८४ बैशाख मसान्त भित्र चुक्ता गर्ने गरि नगर कार्यपालिकाले तोके बमोजिमको किस्तामा बाँकीबक्यौता बहाल रकम बुझाउन सक्ने । |

सुमन धिताल
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**



वेवसाइट: www.tikapurmun.gov.np, ईमेल: tikapurmun@gmail.com

टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं. ०९१-५६०४९९, ०९१-५६१२५४, ०९१-५६०११८

## टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा ३० (विशेष व्यवस्था) :

(१) टीकापुर नगरपालिकाको स्वामित्वमा रहेको सपिङ्ग कम्प्लेक्स भवन तथा बहालमा लगाइएका कोठा (सटर) को बहाल व्यवस्थापन गरी राजस्व असुलीमा प्रभावकारिता ल्याउन देहाय बमोजिम गरिनेछ ।

(क) सपिङ्ग कम्प्लेक्स भवनको कोठा (सटर) बहालमा लिएका व्यक्ति/फर्म/संस्थाले नगरपालिकालाई बुझाउन बाँकी २०८३ असार मसान्तसम्मको बहाल रकम २०८३ असोज मसान्त भित्र एकमुष्ट रुपमा बुझाएमा जरिवाना रकममा पुरै छुट दिइनेछ ।

(ख) बहालमा लगाइने कोठा (सटर) को मासिक भाडा दर अनुसूची -१२ (घ) मा उल्लेख भए बमोजिम हुनेछ । तर आ.व.२०८२/०८३ देखि मासिक बहाल दर परिवर्तन भएका कोठाहरुको हकमा नयाँ ठेक्का बन्दोबस्त नहुँदा सम्म साविक बमोजिमकै बहाल दर कायम हुनेछ ।

(ग) नगरपालिकाको स्वामित्वमा रहेका सपिङ्ग कम्प्लेक्स भवन र अन्य भवनका कोठा (सटर) मा व्यवसाय सञ्चालन गरिरहेका र कार्यपालिकाको कार्यालयलाई नियमित रुपमा बहाल रकम बुझाइ रहेका व्यक्ति/ फर्मको हकमा साविकको मासिक बहाल रकममा १० प्रतिशत थप हुने गरि मासिक बहाल निर्धारण गरि हाल पसल/व्यवसाय सञ्चालन गरि रहेका फर्मसंग बहाल सम्झौता गर्न सकिनेछ ।

(घ) कोठा (सटर) बहालमा लिएका व्यक्ति/फर्मले नगरपालिकालाई बुझाउनु पर्ने बाँकीबक्यौता बहाल रकम २०८४ बैशाख मसान्त भित्र चुक्ता गर्ने गरि किस्ताबन्दी रुपमा बुझाउने सुविधा माग गरेमा सम्बन्धित व्यक्ति/ फर्मलाई नगर कार्यपालिकाले तोके बमोजिमको किस्तामा बहाल रकम बुझाउने सुविधा प्रदान गर्न सकिनेछ ।

(ङ) कोठा (सटर) बहालमा लिएका व्यक्ति/फर्मले नगरपालिकालाई बुझाउनु पर्ने बाँकीबक्यौता रकम २०८४ बैशाख मसान्त भित्र चुक्ता नगरेमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नका लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

(च) खण्ड (ग) बमोजिम बहाल सम्झौता हुन र खण्ड (घ) बमोजिम किस्ताबन्दी रुपमा बाँकी बहाल रकम बुझाउने सुविधा लिनका लागि नगर कार्यपालिकाको कार्यालयबाट सार्वजनिक सूचना जारी गरी सम्बन्धित व्यक्ति/फर्मबाट निवेदन माग गरिनेछ । तोकिएको म्याद भित्र प्राप्त निवेदनका आधारमा नगर कार्यपालिकाको निर्णयानुसार सो सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

(छ) बहाल व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

*****

प्रमुख प्रशासकीय अधिकृत



वेबसाइट: www.tikapurmun.gov.np, ईमेल: tikapurmun@gmail.com